


# प्रदेश-३



बहुमतको आडमा संविधानका मूलभूत संरचना भत्काउने, लामो संघर्षबाट प्राप्त उपलब्धि समाप्त पार्न लागेका तत्त्वलाई सहयोग पुऱ्याउने खतरातर्फ सचेत गराउन चाहन्छ।'

## १७ हजार ७ सय सवारीसाधन कारबाहीमा

# करोडभन्दा बढी राजस्व संकलन

**नेपाल समाचारपत्र**

नुवाकोट

जिल्ला ट्राफिक कार्यालय नुवाकोटले चालू आर्थिक वर्षको पछिल्लो ११ महिनामा १७ हजार ७ सय सवारीसाधनलाई कारबाही गरी १ करोड १० लाख २५ हजार ५ सय रुपियाँ राजस्व संकलन गरेको छ।

त्रिदेशीय मार्गको रूपमा रहेको नुवाकोटका विभिन्न रुटमा चल्ने सवारीसाधनमध्ये १७ हजार ७ सय कारबाहीमा परेको ट्राफिक प्रहरी कार्यालय नुवाकोटले जनाएको छ। क्षमताभन्दा बढी यात्रु बोक्ने, लाइसेन्स नबोकी सवारीसाधन चलाउने, झुन्डिएर यात्रा गराउने, बिनाहेल्मेट मोटरसाइकल हाक्ने तथा मदिरा सेवन गरी सवारीसाधन चलाउने कारबाहीमा परेको जिल्ला ट्राफिक कार्यालय नुवाकोटका प्रमुख शम्भुबहादुर अधिकारीले बताए। अधिकारीका अनुसार जिल्लाभरका विभिन्न रुटमा चल्ने सवारीसाधनलाई ट्राफिक नियम उल्लघंन गरेको आधारमा कारबाही गरिएको हो।

सवारीसाधनबाट उठेको १ लाख २५ हजार ५ सय रुपियाँमध्ये सबैभन्दा बढी फागुन महिनामा उठेको छ। त्यस्तै सबैभन्दा कम जेठ महिनामा उठेको जिल्ला ट्राफिक प्रहरी कार्यालय नुवाकोटले जनाएको छ। ट्राफिक कार्यालय नुवाकोटका अधिकारीका अनुसार जिल्लामा अघिल्ला वर्षको तुलनामा चालू आर्थिक वर्षमा केही हदसम्म दुर्घटना न्यूनीकरण भएको छ। जिल्ला ट्राफिक प्रहरीले ट्राफिक नियम पालनामा कडाई गर्न, दुर्घटनाको न्यूनीकरण र यात्रुको सहज यात्राका लागि ट्राफिक प्रहरी अहोरात्र खटिएको ट्राफिक प्रहरी कार्यालयले जनाएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय नुवाकोटले गत आर्थिकमा वर्ष ९५ लाख ५३ हजार ५ सय रुपियाँ राजस्व संकलन गरेको थियो। गत आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षको ११ महिनासम्ममा मात्रै १४ लाख ७२ हजार रुपियाँ राजस्व वृद्धि भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय नुवाकोटले जानकारी दिएको छ।

ट्राफिक प्रहरीले यात्रुको सहज यात्राका लागि अहोरात्र खटिरहेको बताए पनि यात्रुले भने जिल्लाका बजार क्षेत्रमा रहेको सवारीसाधनले मनलाग्दो भाडा असुली गरेको र तीव्र गतिमा सवारी चलाए पनि जिल्ला ट्राफिक प्रहरी मौन बस्ने गरेको आरोप लगाउने गरेका छन्।

# 'सूचनाको हक प्रत्याभूत हुँदा भ्रष्टाचार कम'

**नेपाल समाचारपत्र**

चितवन



राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटाले सूचनाको हक अधिकारको प्रत्याभूत हुन सके देशमा भ्रष्टाचार कम हुने बताएका छन्।

नेपाल पत्रकार महासंघ चितवन र राष्ट्रिय सूचना आयोगद्वारा संयुक्तरूपमा शुक्रबार भरतपुरमा आयोजना गरिएको 'सूचनाको हक कार्यान्वयनको अवस्था' विषयक छलफल कार्यक्रममा बोल्दै बाँस्कोटाले राज्यका हरेक निकाय पारदर्शी हुनुपर्ने भन्दै त्यसले भ्रष्टाचार कम गर्ने बताए। उनले सूचनाको हकको अधिकार प्रत्याभूत गराउनका लागि ७ वटै प्रदेशमा सूचना आयोग गठन गर्नुपर्ने बताए। जनताको सूचना पाउने अधिकारलाई बलियो बनाउनका लागि केन्द्रमा रहेको सूचना आयोगको अधिकार कटौती गर्दै त्यसलाई प्रदेश र स्थानीय तहमा पऱ्याउनुपर्नेमा उनले जोड दिए।

स्थानीय तहसम्म सूचना आयोगको संरचना बन्दा जनप्रतिनिधिलाई जनताको काम गर्न उत्तरदायी बनाउने बताउँदै उहाँले देशमा अहिले ३० प्रतिशत सरकारी कार्यालयले मात्र सूचना सार्वजनिक गर्ने गरेको जानकारी दिए।

२ हजार ५ सय सरकारी कार्यालयमध्ये ७ सय कार्यालयले मात्रै हरेक ३/३ महिनामा सूचना सार्वजनिक गर्ने गरेको उल्लेख गर्दै उनले १० प्रतिशत जनताले मात्रै सूचनाको हकको प्रयोग गरेकाले अब जनतालाई यसबारे सशक्तीकरण गर्नुपर्नेमा जोड दिए। बाँस्कोटाले भने- 'हरेक देशका शासक सूचना लुकाएर आफू शक्तिशाली बन्न खोज्छन्, यसले समाजमा कस्तो असर परेको छ, थाहा नहुने हुँदा जनतामा सशक्तीकरण आवश्यक छ।'

नेपाल पत्रकार महासंघका उपाध्यक्ष विपुल पोखेलले पत्रकार महासंघ जनताले सूचना पाउनुपर्छ भनेर वकालत गर्ने पहिलो संस्था भएको बताए।

उनले लोकतन्त्रको अनुभूति प्रत्येक नागरिकसँग पुऱ्याउन सूचनाको हकले महत्त्वपूर्ण योगदान दिएको बताए। सूचनाको हक पत्रकारको मात्र होइन हरेक नागरिकको अधिकार हो भन्ने कुरा बुझाउनु पत्रकारको दायित्व भएको उनको भनाइ छ। पत्रकारितालाई मर्यादित बनाउनका लागि पनि सूचनाको हक प्रयोग गर्न जरुरी रहनेमा पोखेलले जोड दिए।

चितवनका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतले जिल्लामा धेरै कुरा सुधार गर्नुपर्ने देखिएकाले सबै कार्यालयलाई व्यवस्थित गर्दै लगिने बताए। उनले अधिकांश कार्यालयमा सूचना अधिकारी तोकिएको भन्दै बाँकी रहेका कार्यालयमा पनि सूचना अधिकारी तोकेर जनताले सूचना पाउने अधिकारको पूर्ण प्रत्याभूत गराइने बताए।

नेपाल प्रेस युनियनका वरिष्ठ उपाध्यक्ष दीपक आचार्यले सूचना पाउने अधिकार सबै नागरिकको भएको भन्दै यो अधिकार कसैले रोक्न नसक्ने बताए। सूचना लुकाउनु अपराध भएको भन्दै आचार्यले हरेक जनताले सूचनाको हक प्रयोग गर्न पाउने बताए।

पत्रकार महासंघका पूर्वअध्यक्ष जनक अर्यालले सरकार नै सूचनाको हकप्रति संवेदनशील नरहेको आरोप लगाए। उनले जिल्लामा रहेका सरकारी कार्यालयले नागरिकलाई आवश्यक पर्ने सूचना दिनसमेत आलटाल गर्ने गरेको बताए। उनले भने- 'जबसम्म सूचनाको हक पूर्णरूपमा कार्यान्वयन हुँदैन, तबसम्म सुशासनयुक्त र भष्ट्रचारमुक्त समाजको परिकल्पना गर्न सक्दैनौं।'

प्रेस चौतारीका केन्द्रीय सदस्य शिशिर सिंखडाले चितवनमा अझै पनि पत्रकारले सहजरूपमा सूचना पाउने अवस्था नरहेको भन्दै नगरिक झन् यसबाट टाढा रहेको बताए। उनले सूचना लुकाउने कार्यालयको झन् खोजीखोजी समाचार लेख्न पत्रकारलाई आग्रह गरे।

नेपाल पत्रकार महासंघ चितवनका अध्यक्ष राधेश्याम खतिवडाले सूचना लुकाउने प्रवृत्ति अहिले पनि रहेको भन्दै पत्रकार चनाखो बन्नुपर्ने बताए।

# असार १० मा बजेट ल्याउनैपर्ने

**नेपाल समाचारपत्र**

नुवाकोट

असार १० गते बजेट नल्याए आगामी आर्थिक वर्ष कुनै पनि स्थानीय तहले काम गर्न नपाउने भएको छन्।

स्थानीय तहमा वित्तीय हस्तान्तरण र प्राकृतिक स्रोत तथा वित्त आयोगको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा आयोगका उपसचिव नवराज घिमिरेले असार १० गतेभित्र सबै स्थानीय तहले पूरक बजेट जसरी पनि ल्याउनुपर्ने बताउनुभयो। संविधानको बाध्यकारी नियमानुसार असार १० गते बजेट नल्याउने स्थानीय तहमा कुनै पनि योजना सञ्चालन नहुने घिमिरेको भनाइ रहेको छ।

कार्यक्रममा जिल्ला समन्वय समिति नुवाकोटका प्रमुख सन्तमान तामाङले नदीजन्य सामग्री निकासीबापत उठाइएको कर समितिको कोषमा नै रहेको भन्दै संविधानअनुसार खर्च गर्नका लागि कार्यविधि नभएकाले कोषमा नै रहेको बताउनुभयो। तामाङले हालसम्म कोषमा जम्मा करिब १३ करोड रुपियाँ सञ्चित रहेको जानकारी दिनुभयो।

यसैबीच नुवाकोटमा रहेका १२ वटै, स्थानीय तहलाई केन्द्रीय तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँडअन्तर्गत ३ करोड रुपियाँ बजेट थप हुने बताइएको छ। मासिकरूपमा किस्ता किस्ताको रूपमा १ आर्थिक वर्षसम्म ३ करोड रुपियाँका दरले सबै स्थानीय तहलाई राजस्वको रकम आउने कार्यक्रममा जानकारी गराइएको थियो। साथै, सम्बन्धित स्थानीय तहको बजेटमा समपूरक बजेटमा समेत रकम थप हुनछ। परियोजना सञ्चालनका लागि संघीय सरकारलाई उपयुक्त लागेमा थप रकमसमेत विनियोजन हुने आयोगका उपसचिव घिमिरेले बताए।

कार्यक्रममा दिइएको जानकारीअनुसार स्थानीय तहले कर निर्धारण गरी उठाउनसमेत जानकारी दिइएको छ। स्थानीय तहले संविधानले दिएको अधिकारको उपयोग गर्दै सम्पत्ति कर, घर बहाल कर, भूमि कर र व्यवसाय कर उठाउन सक्नेछ। साथै, सेवा शुल्क दस्तुर, पर्यटक शुल्क र दण्ड जरिवाना लिन सक्ने प्रावधान रहेको छ। यसबाहेक अन्य कर प्रदेश सरकारले उठाउनेछ। प्रदेश सरकार र संघीय सरकारले उठाएको करमा स्थानीय तहको कोषमा ६० प्रतिशत र प्रदेश सरकारको बजेटमा ४० प्रतिशत रहने बताइएको छ। वित्त हस्तान्तरणसम्बन्धी संविधानमा उल्लेख भएका नियमानुसार मात्रै कर उठाउन पाउने प्रावधान रहेको छ। यसका अलवा अन्य शीर्षकमा कर उठाएमा सम्बन्धित स्थानीय तहलाई कारबाही हुने उल्लेख छ।

कार्यक्रममा सहभागीले कर व्यवस्थापन तथा आन्तरिक आय व्यवस्थापनको विषयमा जानकारी लिएका थिए। उक्त कार्यक्रमाम नुवाकोटमा रहेका १२ वटै स्थानीय तहका प्रमुख एवं प्रतिनिधिको सहभागिता रहेको थियो।

# कम्युनिस्ट सरकारप्रति कांग्रेसको गम्भीर आरोप

## आफूमा एकताबद्ध हुने संकल्प

रोशन पराजुली, हेटौंडा



नेपाली कांग्रेसका जिल्ला सभापतिले वर्तमान सरकार सर्वसत्तावादतर्फ उन्मुख भएको निष्कर्ष निकालेका छन्।

कम्युनिस्ट सरकारले सञ्चारमाध्यममा निषेध र नियन्त्रणकारी हस्तक्षेप, न्यायपालिकालाई प्रभावित पार्ने अभिव्यक्ति, कर्मचारी र शैक्षिक क्षेत्रमाथि अन्यायपूर्ण आतंक र गैससमाथि नियन्त्रणकारी रवैया अपनाएको भन्दै उनीहरूले विरोध जनाएका छन्।

कांग्रेसले सरकार र सरकारको नेतृत्व गरेको नेकपामाथि गम्भीर आरोप लगाएको हो। त्यसबाहेक कांग्रेसले कम्युनिस्ट सरकारले महँगी बढाएको तथा फरक विचारधारा राख्नेमाथि राज्य आतंक मच्चाएको आरोप लगाएको छ।

कांग्रेसले सरकारले जनविरोधी चरित्र देखाएको भन्दै त्यसविरुद्ध कडा कदम चाल्ने चेतावनी पनि दिएको छ। हेटौंडामा ४ दिन चलेको जिल्ला पार्टी सभापतिहरूको चौथो राष्ट्रिय भेलाद्वारा जारी घोषणापत्रमा भनिएको छ- 'वर्तमान सरकार सर्वसत्तावाद उन्मुख रहेको प्रष्ट छ।'

'स्वतन्त्र न्यायपालिकालाई प्रभावित पार्ने अभिव्यक्ति, नागरिकको सम्पत्तिको हक कुण्ठित गर्ने प्रयत्न, राष्ट्रसेवक कर्मचारी र शैक्षिक क्षेत्रमाथि अन्यायपूर्ण आतंक, ट्रेड युनियन अधिकार खोस्ने प्रपञ्च, पेसागत सामाजिक एवं गैरसरकारी संघसंस्थामाथि नियन्त्रणकारी रवैया, मौलाउँदै गएको दण्डहीनता आदिबाट सरकार सर्वसत्तावाद उन्मुख रहेको प्रष्ट छ', घोषणापत्रमा भनिएको छ- 'लोकतान्त्रिक गणतन्त्र, संघीयता, प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायप्रणाली, ट्रेड युनियन अधिकार, विद्यमान कानुनअन्तर्गत रही निर्वाध पेसा व्यवसाय गर्ने अधिकारलगायत लोकतन्त्रका स्थापित मूल्य/मान्यता रक्षाका लागि नेपाली कांग्रेस दृढतापूर्वक उभिने प्रण गर्दछ।'

कम्युनिस्ट सरकार बनेपछि आमनागरिकले चर्को मूल्यवृद्धि 'उपहार' प्राप्त गरेको वर्तमान अवस्थालाई भेलाले गम्भीरतापूर्वक लिएको उल्लेख गरिएको घोषणापत्रमा मूल्यवृद्धिबारे प्रधानमन्त्रीको गैरजिम्मेवार अभिव्यक्ति र मूल्यवृद्धिको विरोधमा विद्यार्थीको शान्तिपूर्ण प्रदर्शनमाथि दमन गर्ने कार्यले सरकारको जनविरोधी चरित्र प्रष्ट्याएको र यस क्रममा नेपाली कांग्रेस सुर्खेत जिल्ला कार्यालयमा भएको प्रहरी हस्तक्षेपको निन्दा गरिएको छ।

घोषणापत्रमा कांग्रेस सभापतिहरूले भनेका छन्- 'निर्वाचनको बेला स्थिरताको नारा दिने तर शासन प्रणालीलाई नै अस्थिरतातर्फ धकेल्ने गरी राष्ट्रपतीय प्रणालीबारे आएको अभिव्यक्तिलाई भेला सहमतिद्वारा निर्मित वर्तमान संविधानलाई विफल पर्ने षडयन्त्रका रूपमा लिन्छ। बहुमतको आडमा संविधानका मूलभूत संरचना भत्काउने, लामो संघर्षबाट प्राप्त उपलब्धि समाप्त पार्न लागेका तत्त्वलाई सहयोग पुऱ्याउने खतरातर्फ सचेत गराउन चाहन्छ।'

नेपालको संविधानले प्रदेश र स्थानीय तहलाई दिएको अधिकार कुण्ठित गर्दै वर्तमान सरकारले हालै प्रस्तुत गरेको नीति कार्यक्रम तथा बजेटले प्रदेश र स्थानीय सरकारलाई अत्यन्त कमजोर र केन्द्रमुखी बनाउँदै लगेबाट सरकार संघीयताविरोधी बाटोमा अग्रसर भएको प्रष्ट हुने दाबी जिल्ला सभापतिहरूले गरेका छन्।

सरकारले योजना छनौट र बजेट विनियोजनमा अत्यन्त विभेदपूर्ण व्यवहार देखाएको भन्दै पूर्वाग्रहपूर्णढंगले क्रमागत बहुवर्षे विकास निर्माण योजना कार्यक्रमबाट हटाइएकोप्रति भेलाले आपत्ति जनाएको छ। सरकारी संरक्षणमा बढ्दै गएका भौतिक आक्रमण, अलग विचार राख्ने नेता/कार्यकर्तामाथि सुनियोजित अभियोग, गिरफ्तारी, मुद्दा चलाउनेजस्ता राज्यआतंकको भर्त्सना गर्दै भेलाले दूराशयपूर्ण गतिविधि तत्काल बन्द नगरिए देशव्यापी आन्दोलनमा उत्रने चेतावनी दिएको छ।

द्वन्द्वकालमा कब्जा गरिएका जग्गा सम्बन्धितले नै प्राप्त गर्नुपर्ने विगतका सम्झौता स्मरण गराउँदै भेलाले त्यसविपरीत गर्न लागिएको षडयन्त्रलाई गम्भीरतापूर्वक लिँदै आपत्ति व्यक्त गरेको छ।

नेपाली कांग्रेस नेतृत्वको सरकारले गरेको भूकम्पपीडितलाई थप १ लाख प्रदान गर्ने, क्यान्सर, मृगौला रोगी, स्पाइनल इन्जुरीलगायत गम्भीर प्रकृतिका रोगीलाई जीविकोपार्जन भत्तास्वरुप मासिक ५ हजार उपलब्ध गराउने, ६५ वर्षमाथिका ज्येष्ठ नागरिकलाई वृद्धभत्ता दिनेजस्ता जनहितकारी निर्णय उल्ट्याउनुले सरकारको सामाजिक सुरक्षाप्रतिको संवेदनहीनतालाई उदांगो पारेको निष्कर्ष निकाल्दै सभापतिहरूले यस्ता कार्यक्रमलाई निरन्तरता दिन माग गरेका छन्।

संविधान निर्माण तथा स्थानीय, प्रदेश र केन्द्रको निर्वाचन सम्पन्न गर्ने क्रममा तराई/मधेसमा रहेको भावनासमेतलाई ध्यानमा राखी तत्कालीन समयमा नेपाली कांग्रेस नेतृत्वमा रहेका सरकारले गरेका संविधान संशोधन प्रस्तावलाई राष्ट्रघात भन्नेहरू नै हाल संशोधन आवश्यक रहेको निष्कर्षमा पुग्नु उनीहरूको नैतिक पराजय र कांग्रेसको राजनीतिक विजय भएको उल्लेख गरिएको घोषणापत्रमा 'संशोधन गर्छौं भन्ने तर अल्मल्याएर राख्ने र त्यसलाई सत्ताको सौदावाजीका लागि प्रयोग गर्ने प्रवृत्तिलाई मधेसमाथिको नयाँ षडयन्त्र' भनिएको छ।

जिल्ला सभापतिको हेटौंडा राष्ट्रिय भेला २१ बुँदे घोषणापत्र जारी गर्दै शुक्रबार सकिएको हो। जिल्ला सभापतिहरूले भेलाले तत्कालीन नेकपा एमालेको नक्कली राष्ट्रवाद सरकारमा गएपछि लम्पसारवादमा परिणत भएको ठहर गरेको छ।

पार्टी नेतृत्व र नेताहरूले अब गुट/उपगुटभन्दा एक भएर सरकारविरुद्ध उत्रन हेटौंडा घोषणापत्रमार्फत सुझाव दिइएको छ। घोषणापत्रमा उल्लेख गरिएका सुझाव कांग्रेस सभापति शेरबहादुर देउवालाई उनीहरूले बुझाएका छन्। सुझाव तत्काल कार्यान्वयन गर्न उनीहरूको आग्रह छ।

कांग्रेस काभ्रे सभापति मधु आचार्यले हेटौंडा घोषणापत्र पार्टी नेतृत्व र जिल्ला सभापतिलाई सुनाउँदै पार्टी सच्चिनुपर्ने र सरकार हालको हालतबाट सच्चिएर अगाडि बढ्नुपर्ने बताउनुभयो।

उहाँले केन्द्रीय समितिको बैठकले 'राष्ट्रिय जागरण अभियान' प्रारम्भ गर्ने निर्णय गरेअनुरुप आवश्यक कार्यक्रम तर्जुमा गरी अविलम्ब राष्ट्रव्यापी सञ्चालन गर्न तथा यस वर्षलाई 'प्रशिक्षण वर्ष' का रूपमा अघि बढाउन पार्टी केन्द्रलाई अनुरोध गर्नुभएको छ।

उहाँका अनुसार जिल्ला सभापतिको समेत प्रतिनिधित्व हुने गरी अविलम्ब विधान मस्यौदा समिति गठन गर्न केन्द्रीय कार्यसमितिलाई अनुरोध गर्दै महासमिति बैठकको स्थान र मिति अविलम्ब तोक्न अनुरोध गरिएको छ। उहाँले प्रत्येक २ वर्षमा जिल्ला सभापतिको राष्ट्रिय भेला गर्ने व्यवस्थाका लागि अनुरोध गर्नुभएको थियो।

# उत्पादनका आधारमा अनुदान रकम

**नेपाल समाचारपत्र**

चितवन

प्रदेश नम्बर ३ का भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री दावा दोर्जे लामाले पशुपालन किसानका लागि आउने अनुदान रकम दुरुपयोग रोक्न कार्यनिति ल्याउन लागेको बताएका छन्।

नेपाल सरकारमार्फत प्राप्त अनुदान रकम वितरण गर्न भण्डारा दूग्ध उत्पादक सहकारी संस्थाले शुक्रबार आयोजना गरेको कार्यक्रममा मन्त्री लामाले अनुदान रकममध्ये ७० प्रतिशत रकम दुरुपयोग हुने गरेको बताए। 'वास्तविक किसानका लागि भनेर दिइने अनुदान रकम ७० प्रतिशतसम्म दुरुपयोग हुने गरेको पाइयो',

मन्त्री लामाले भने- 'किसानलाई प्रत्यक्ष फाइदा पुऱ्याउने प्रदेश सरकारले अनुदानको कार्यनिति बनाउँदैछ।'

किसानको मनोबल बढाउन सरकारले घाँसखेती, दूग्ध उत्पादनलगायतमा अनुदानको व्यवस्था गर्ने उनले बताए। आगामी आर्थिक वर्षदेखि शुरू हुनेगरी प्रदेशका सबै जिल्लामा १-१ वटा चिस्यान केन्द्र तथा कोल्ड स्टोर स्थापना गर्न लागेको समेत मन्त्री लामाले जानकारी दिए।

सो अवसरमा भण्डारा दूग्ध उत्पादक सहकारी संस्थाले नेपाल सरकारको गाईभैंसी प्रबर्द्धन कार्यालयबाट प्राप्त २० लाख अनुदान रकम वितरण गरेको थियो। साविकको भण्डारा गाविस हाल राप्ती ४, ५ र ६ का गाईभैंसी पाल्ने किसानलाई आर्थिक वर्ष २०७३/७४ मा संकलन भएको २२ लाख ४ हजार लिटर दूधको प्रतिलिटर ९१ पैसाका दरले २० लाख ३ सय ३ सय ७१ रुपियाँ वितरण गरिएको भण्डारा दूग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष डिल्लीप्रसाद थपलियाले जानकारी दिए। थपलियाका अनुसार १ रुपियाँदेखि ५६ हजारसम्म किसानले अनुदान रकम पाएका छन्।

सबैभन्दा धेरै अनुदान रकम पाउनेमा दनाई गाईपालन व्यावसायिक फर्म रहेको छ। उसले ५६ हजार ३९० रुपियाँ प्राप्त गरेको छ। सहकारीका अध्यक्ष थपलियाको अध्यक्षतामा भएको सो कार्यक्रममा वडा नम्बर ६ का वडाध्यक्ष जल्लु महतो, कार्यपालिका




सदस्य पुष्पा केसी, पशु सेवा शाखा प्रमुख शैलेन्द्र भण्डारी, जनमुखी बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष पूर्णबहादुर थापा, भण्डारा दूग्ध उत्पादक सहकारी संस्थाका उपाध्यक्ष डालबहादुर श्रेष्ठ, सचिव रामचन्द्र हुमागाईंलगायतले मन्तव्य राखेका थिए।

# जुनियर डिभिजन एनसीसी तालिम शुरू

नुवाकोट, (नेस)

नेपाली सेना राष्ट्रिय सेवादल श्रीनाथ गणको जिम्मेवारी क्षेत्रभित्र पर्ने नुवाकोटका विभिन्न विद्यालयमा एनसीसीको तालिम शुरू भएको छ।

विदुर नगरपालिका वडा नं.६ बट्टारको जालपादेवी इंगलिस बोर्डिङ स्कुलका ३६ छात्राछत्रा, जना, विदुर नगरपालिका वडा नं.४ भैरवी उच्च माध्यमिक विद्यालयका छात्रछात्रा गरी ३६ जना, छात्र/छात्रा १८/१८ गरी ३६ जना र विदुर नगरपालिका वडा नं.७ तुप्चकोस्थित श्री चण्डेश्वरी माध्यमिक विद्यालयका ३६ जना छात्रछात्रा गरी कुल १ सय ८ जनालाई तालिम दिइएको श्रीनाथ गणले जनाएको छ। तालिमको उद्घाटन श्रीनाथ गणका प्रमुख सेनानी अन्जन रुपाखेतीले प्रवचन दिई गर्नुभएको थियो।

२०७५, असार
शनिबार
९

पर्वतको कुस्मा नगरपालिका-४ का माधव र सरिता उपाध्यायका छोराछोरी स्मृति र प्रतीक तथा उनका साथीले गएको तिहारमा देउसी खेलेको र खाजा खर्च कटाएर जम्मा गरेको ३१ हजार रुपियाँ आर्थिक सहयोग गरेका छन्।

# नेपाल

## लुम्बिनी र बुद्धबल्लीलाई केन्द्रमा विकास गर्नुपर्छ

यमलाल भुसाल, बुटवल

बुटवल उप-महानगरपालिका कार्यालयलाई स्थानीय सरकारको आधुनिक भवनका रूपमा निर्माण गरिने भएको छ। पूर्वअर्थमन्त्री तथा प्रतिनिधिसभा सदस्य विष्णुप्रसाद पौडेलले १ समारोहका बीच शुक्रबार उक्त कार्यालय भवनको शिलान्यास गर्नुभएको छ।

त्यसक्रममा उहाँले बुटवलको बुद्धकालीन सभ्यता र ऐतिहासिक महत्त्वलाई झल्काउने गरी काम गर्न जरुरी रहेको बताउनुभयो। आधुनिक भवनको निर्माण कार्य समयमै सक्न आग्रह गर्दै उहाँले निर्माण कार्यमा नागरिकको पनि निगरानी र खबरदारी जरुरी रहेको बताउनुभयो।

सेवाग्राहीका कामलाई पहिलो प्राथमिकता राखेर अगाडि बढनुपर्ने पौडेलको सुझाव थियो। लुम्बिनी र बुद्धबल्लीलाई केन्द्रमा राखेर समग्र प्रदेशको विकासका लागि जुट्न जरुरी रहेको उहाँको भनाइ थियो। अहिले सरकारले समाजवादको वस्तुगत आधार तयार पार्नेगरी काम गरिरहेको पनि उहाँले बताउनुभयो।

बुटवल उप-महानगरपालिकाले करिब ३ बिघा जग्गामा गुरुयोजना बनाएर अत्याधुनिक कार्यालय भवन निर्माणको काम शुरू गरेको नगरप्रमुख शिवराज सुवेदीले जानकारी दिनुभयो। सुन्दर बुटवल, समृद्ध बुटवल, सुखी बुटवलबासीको संकल्पअनुसार आफू आवधिक र दीर्घकालीन महत्त्वका काममा केन्द्रित रहेको उल्लेख गर्दै प्रमुख सुवेदीले बुटवलको विकासमा सबैसँग हातेमालो गरिने बताउनुभयो।

हाल भवन रहेकासमेतको जग्गामा प्रमुख प्रशासनिकसहित अरू ६ वटा ब्लकमा भवन निर्माण गर्ने गरी गुरुयोजना बनाइएको प्रमुख प्रशासकीय अधिकृत राजनकुमार बीसीले जानकारी दिनुभयो। शुक्रबार शिलान्यास भएको भवन प्रमुख अर्थात् 'ए ब्लक' हो। बेसमेनसहित ४ तलाको आधुनिक भवनको अनुमानित लागत ५४ करोड ७८ लाख ४५ हजार ३ सय ८१ रुपियाँ ५२ पैसा रहेको योजना प्रमुख इन्जिनियर सुमन श्रेष्ठले जानकारी दिनुभयो।

तर, निर्माण कम्पनी विकोही, शिवशक्ति, वन्दन भगवती जेभी न्यू बानेश्वरले ४३ करोड ५३ लाख ४९ हजार ५ सय ७२ रुपियाँ ८४ पैसामा आगामी ०७८ असारमा सक्ने गरी असार ६ गते बुधबार ठेक्का सम्झौता गरेको इन्जिनियर गौतम रौनियारले जानकारी दिनुभएको छ। उक्त भवनमा रहेको अन्डरग्राउन्डमा १ सय ६ वटा मोटरसाइकल, ३५ वटा कारलाई पार्किङ गर्न मिल्ने छ। यसका अतिरिक्त बाहिरी पार्किङ छुट्टै छ। भवनमा दुई अलग-अलग स्थानमा लिफ्ट र २ वटै सिँढी रहने इन्जिनियर रौनियारले बताउनुभयो।

यसैबीच बुटवल उपमहानगरले प्रजातान्त्रिक आन्दोलनमा योगदान गरेका बुटवलका ३ जना नागरिक अगुवालाई सम्मान गरिएको छ। टीकाराम घिमिरे, रामप्रसाद न्यौपाने र राधा घिमिरे पौडेललाई नगद जनही ५१ हजार रुपियाँसहित सम्मानपत्रले सम्मान गरिएको थियो। सम्मानित हुने घिमिरे प्रजातान्त्रिक आन्दोलनमा सक्रिय रहेका बुटवलका ज्येष्ठ नागरिक तथा कम्युनिस्ट अगुवा हुनुहुन्छ।

यस्तै न्यौपाने पनि प्रजातान्त्रिक आन्दोलनका अगुवा तथा पुराना कांग्रेसका नेता हुनुहुन्छ। अर्की अगुवा महिला पौडेल विभिन्न राजनीतिक आन्दोलनमा सक्रिय नेतृ हुनुहुन्छ। उहाँ द्वन्द्वपीडित महिला हुनुहुन्छ । हाल अर्बूद रोगबाट ग्रसित हुनुहुन्छ। ज्येष्ठ नागरिकको योगदानबाटै बुटवलको समृद्धिको अभियान सफल हुने नगरप्रमुख शिवराज सुवेदीले जानकारी दिनुभयो।

## सुर्खेतमा १३ जुवाडे पक्राउ

दीपेन्द्र शर्मा, सुर्खेत

सुर्खेतमा जुवा खेलिरहेका १३ जना जुवाडेलाई प्रहरीले पक्राउ परेको छ। जुवा खेलिरहेको अवस्थामा कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर नगरपालिका-१२ एयरपोर्टस्थित चक्रबहादुर सापकोटाले सञ्चालन गरेको हिमाली एन्ड रेस्टुरेन्ट लजबाट ४ जना र चिंगाढ गाउँपालिका-५, ढाडखेत सुर्खेतस्थित कर्णबहादुर रोकायको घरमा जुवा खेलिरहेका ९ जना गरी १३ जनालाई पक्राउ गरिएको हो।

पैसाको हारजित हुने गरी जुवा (तास) खेलिरहेका भन्ने गोप्य सूचनाका आधारमा प्रहरीले होटल तथा घर खानतलासी गर्दा जुवाडेलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी निरीक्षक शंकर श्रेष्ठले जानकारी दिए।

एयरपोर्टस्थित चक्रबहादुर सापकोटाले सञ्चालन गरेको हिमाली एन्ड रेस्टुरेन्ट लजबाट तासका गड्डी, जुवा खेल्न प्रयोग गरिएका सामग्रीसहित ६४ हजार ४ सय र चिंगाढ गाउँपालिका-५, ढाडखेत सुर्खेतस्थित कर्णबहादुर रोकायको घरबाट ६७ हजार ४ सय ९६ गरी १ लाख ३१ हजार ८ सय ९६ रकम बरामद गरिएको प्रहरी निरीक्षक श्रेष्ठले जानकारी दिए।

पक्राउ परेका जुवाडेलाई जुवा ऐनअन्तर्गत मुद्दा चलाउने तयारी भइरहेको श्रेष्ठले बताए। जिल्ला अदालत सुर्खेतबाट म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान भइरहेको उनले जानकारी दिए।

## गाँजासहित दुई युवा पक्राउ

म्याग्दी, (नेस)

म्याग्दीको सदरमुकाम बेनीबजारबाट प्रहरीले गाँजासहित २ जना युवालाई पक्राउ गरेको छ। बेनी नगरपालिका-८ कालीपुल बसपार्कबाट कालिपुलका १८ वर्षीय म्याक्सी राम्जाली र अस्पतालचोक बस्ने २६ वर्षीय गणेश पाईजालाई ३ सय ग्राम गाँजासहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ।

प्रहरीले शंकास्पदरूपमा हिँड्डुल गरिरहेका राम्जाली र पाईजालाई नियन्त्रणमा लिएर चेकजाँच गर्दा राम्जालीले पछाडि बोकेको कालो लेदरको ब्यागबाट डाँठसहित गाँजा फेला परेको म्याग्दीका प्रहरी नायव उपरीक्षक वीरबहादुर बुढामगरले जानकारी दिए। गाँजासहित नियन्त्रणमा लिएका युवामाथि थप अनुसन्धान भइरहेको उनले बताए।

प्रहरीले केही दिनअगाडि मालिका गाउँपालिकाको रुमबाट चरेससहित १ व्यक्तिलाई नियन्त्रणमा लिएको थियो। प्रहरीले जिल्लामा लागूपदार्थ दुर्व्यसनीविरुद्धको अभियानलाई तीव्रता दिएको छ। सदरमुकाम बेनीमा लागूपर्दाथ दुर्व्यसनी तथा ओसापसारमा संलग्नलाई नियन्त्रणमा लिनका लागि सादा पोसाकमा प्रहरी परिचालन गरिएको प्रनाउ बुढामगरको भनाइ छ।

जिल्लाको खेतबारी, भीरपाखा र विभिन्न स्थानमा उम्रिएका गाँजालाई नष्ट गर्नुको सट्टा बिक्रीवितरण गर्ने गरिएको पाइएको छ। प्रहरीले व्यावसायिकरूपमा गाँजा खेती गर्नेको खोजीकार्य भइरहेको समेत जनाएको छ।

## सशस्त्र प्रहरीलाई लागूऔषध नियन्त्रणसम्बन्धी सचेतना

सुर्खेत, (नेस)

सुर्खेतमा सशस्त्र प्रहरीलाई लक्षित गरी लागूऔषध दुर्व्यसनी नियन्त्रणसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरेको छ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतको आयोजनामा कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा सशस्त्र प्रहरी कर्मचारीलाई लागूऔषध दुर्व्यसनी नियन्त्रणसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिएको हो।

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा रहेको महेश्वरी बाहिनी, बांगेसिमलमा कार्यरत विभिन्न दर्जाका ९६ जना सशस्त्र प्रहरी कर्मचारीलाई लागूऔषध दुर्व्यसनी नियन्त्रणसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिएको जिल्ला प्रहरी कार्यालय सुर्खेतले जनाएको छ।

## म्यार्दीखोला बेलिब्रिजको ५० प्रतिशत काम सम्पन्न

नेपाल समाचारपत्र

लमजुङ

लमजुङबाट हिमाली जिल्ला मनाङ जोड्ने म्यार्दी बेलिब्रिजको ५० प्रतिशत काम पूरा भएको छ। बेंसीशहर-चामे सडकखण्डको लमजुङ मनाङको सीमा क्षेत्रमा पर्ने म्यार्दी खोलामा सो पुल निर्माण गरिएको हो।

लमजुङ र मनाङको सीमा क्षेत्रमा निर्माण भइरहेको सो बेलिब्रिजको ५० प्रतिशत काम सम्पन्न भएको निर्माण कम्पनी ग्याल्बा-क्याराभान जेभीले बताएको छ। उक्त पुल २ करोड ५ लाख रुपियाँको लागतमा निर्माण हुने अनुमान गरिएको ग्याल्बा क्याराबान जेबी कम्पनीका साइड इन्चार्ज सबइन्जिनियर हरिकुमार श्रेष्ठले बताउनुभयो। उहाँका अनुसार उक्त पुलको निर्माणको क्रममा हालसम्म बायाँ भागको पिलर, साइटमा स्टिलको जाली र पुलमा बिछ्याउने स्टिल फलामलगायतको काम सकिएको छ। दायाँ भागको पिलरको जग हाल्ने काम शुरू भएको र पिलर निर्माण हुनेबित्तिकै बेली ब्रिज पुलको ढलान गर्ने र स्टिलको फलाम



राख्ने काम गरिने श्रेष्ठले बताउनुभयो। उहाँका अनुसार उक्त पुलको लम्बाइ २४.३८ मिटर र चौडाइ ११ मिटरको रहेको छ।

पुल निर्माण भइरहेको म्यार्दीखोला लमजुङको सदरमुकाम बेंसीशहरबाट ३५ र मनाङको सदरमुकाम चामेबाट ३० किमिको दूरीमा पर्छ। नेपाली सेनाले बनाएको काठेपुल २०७२ जेठमा भाँचिएको थियो। त्यसपछि डिभिजन कार्यालयले राखेको स्टिल गार्डर ब्रिज असार ३१ मा आएको बाढीले बगाएपछि आवागमन सुचारु राख्न त्यहाँ काठेपुल निर्माण गरी काम चलाइएको थियो।

तत्काल ४ मिटर (सिंगल लेन) को पुल निर्माण गरिने भएको हो। 'तत्कालका लागि सिंगल लेनको पुल निर्माण भए पनि बेंसीशहर- मनाङ आवागमन सहज हुनेछ' -श्रेष्ठले भन्नुभयो। 'उक्त पुल जेठ मसान्तमै सक्ने सम्झौता गरेको हो तर चैत-वैशाखमा पानी परेर ढुवानीमा समस्या सिर्जिएको, प्राविधिक डिजाइनभन्दा फरक चट्टान निस्केको, विस्फोटक पदार्थको मेसिन सञ्चालनमा समस्या जस्ता कारणले निर्माण अवधि लम्बिन गयो। तर पनि असार मसान्तभित्र निर्माण कार्य सम्पन्न हुनेछ' -उहाँले भन्नुभयो।

यही असारभित्रै सक्ने योजनासहित म्याद थपको निवेदन डिभिजन सडक कार्यालय दमौलीले जनाएको छ। डिभिजन प्रमुख भानु जोशीले भन्नुभयो- 'निर्माण कम्पनीले असार मसान्तभित्र सक्ने भनेको छ। काम धमाधम हुने चरणमा छ।'

बेंसीशहर-चामे सडकमा २०६९ सालबाट सेवा शुरू भएको हो। उक्त सडकमा दैनिक ९० भन्दा बढी सवारीसाधन आवतजावत गर्ने गर्दछन्। बेंसीशहर-चामे सडकको दूरी ६५ किलोमिटर छ।

## बैतडीमा पहिलोपटक जैतुनखेतीको विस्तार

विनोदसिंह विष्ट, बैतडी

केही वर्षअघिसम्म स्याउका लागि प्रसिद्ध मानिएको बैतडीको सतबाँझमा जैतुनखेतीको विस्तार गरिनेभएको छ। सतबाँझमा गएको १२ वर्ष यतादेखि स्याउ फल्न छोडेको छ। स्याउका लागि निकै प्रसिद्ध रहेको सतबाँझमा जलवायु परिवर्तनका कारण पछिल्लो समयमा स्याउ उत्पादन हुन छोडेको हो।

विसं २०१९ सालमा स्थापना भएको बागवानी विकास केन्द्र २०६२ सालदेखि सुख्खा फलफूल विकास केन्द्रको नामले परिचत छ। सुख्खा फलफूल विकास केन्द्रले जिल्लामा जैतुन खेतीको विस्तार गर्ने तयारी गरेको सुख्खा फलफूल विकास केन्द्रका प्रमुख लक्ष्मीदत्त पाण्डेयले बताउनुभयो। 'जैतुन तेल उत्पादनका लागि निकै प्रसिद्ध वनस्पति हो', उहाँले भन्नुभयो- 'जैतुनको तेल बहुऔषधिको रूपमा समेत प्रयोग गरिन्छ।'

किसानलाई जैतुन खेतीमा आकर्षण गराउनका लागि सुख्खा फलफूल विकास केन्द्रले १ सय वटा जैतुनका माउ बोट आफ्नो नर्सरीमा लगाएको प्राविधिक अर्जुन खड्काले जानकारी दिनुभयो। '५ हजार जति बिरूवा कलमीका लागि नर्सरीमा राखिएको छ', उहाँले भन्नुभयो- '१ वर्षभित्रै किसानलाई ५ हजार जैतुनका बिरूवा वितरण गरिने तयारी भएको छ।' जैतुनबाट कोलेस्ट्रोल नभएको तेल उत्पादन भएकाले यो औषधिका लागि उपयुक्त भएको उहाँको भनाइ रहेको छ।

६ केजी जैतुनबाट १ केजी तेल उत्पादन गर्न सकिने भएकाले यसको खेती विस्तार भएमा किसानको जीविकोपार्जनमा समेत सुधार हुने अपेक्षा गरिएको छ। यसका साथै सुख्खा फलफूल विकास केन्द्रले काजुखेती, कागजी बदामलगायत किसानलाई बढी आम्दानी दिने खालका फलफूलका बिरूवा नर्सरीमा राखेको प्रमुख पाण्डेयले बताउनुभयो। सतबाँझमा स्याउ फल्न छाडेपछि जैतुन, कागजी बदाम, काजुलगायत फलफूलका बिरूवा उत्पादन गर्न थालिएको छ। किसानलाई ८० प्रतिशत अनुदानमा फलफूलका बिरूवा वितरण गर्ने गरिएको छ।

तत्कालीन राजा महेन्द्रले स्याउ फलाउन रोजेको बैतडीको सतबाँझ स्याउ नर्सरीमा जैतुनखेती विस्तार गरिन लागिएको छ। शुरूमा सतबाँझ स्याउ नर्सरी राखिएको त्यस ठाउँको नाम स्याउ फल्न छाडेपछि सुक्खा फलफूल विकास केन्द्र राखिएको थियो।

विसं २०१९ मा सतबाँझको ५ सय ७५ रोपनी क्षेत्रफलमा स्याउ उत्पादन तथा प्रबर्द्धनका लागि स्थापना भएको सुक्खा फलफूल केन्द्रमा पछिल्लो समय स्याउका जात लोप भएका हुन्।

## चुनावपछि राहत मुख्यमन्त्री राउत

वीरगन्ज, (नेस)

प्रदेश नम्बर २ का मुख्यमन्त्री लालबाबु राउत गद्दीले मुलुक संघीय संरचनामा गरेका कारण जनताले राहतको महसुस गरेको बताएका छन्।

तन्नेरी चासो र पिजे क्लब काठमाडौंको आयोजनामा शुक्रबार वीरगन्जको घण्टाघरमा आयोजित फोटो प्रदर्शनी कार्यक्रम बोल्दै मुख्यमन्त्री गद्दीले स्थानीय, प्रदेश र संघ मिलेर मुलकलाई समृद्ध बनाउन यस्ता कार्यक्रमहरूले थप बल मिल्ने बताए। 'हामी नबिर्सौं' शीर्षक दिइएको उक्त फोटो प्रदर्शनीमा मुख्यमन्त्री लालबाबु राउत गद्दीले समग्र मुलुक अहिले राजनीतिक स्थिरतातर्फ अगाडि बढेको बताए।

फोटो प्रदर्शनी कार्यक्रममा मधेस आन्दोलन, नाकाबन्दी, महाभूकम्प, बाढी पहिरो, दैनिकी अभाव, पेट्रोलियम पदार्थको हाहाकारलगायत संविधान निर्माण, स्थानीय, प्रदेश र सांसदको निर्वाचनलगायतको जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयवस्तु राखिएको तन्नेरी चासोका संयोजक शिवानाथ यादवले बताए।

## सवारीसाधनसहित चालक पक्राउ

म्याग्दी, (नेस)

अवैधरूपमा खोलामा बालुवा उत्खननमा प्रयोग भएका ३ वटा ट्याक्टर र १ स्काभेटरसहित चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। म्याग्दीको मालिका गाउँपालिका-६, रातोढुंगास्थित म्याग्दीखोलामा स्काभेटरको प्रयोग गरी अवैधरूपमा बालुवा निकाल्ने कार्यमा संलग्न सवारीसाधन र चालकलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ।

गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय दरबाङबाट खटिएर गएको प्रहरी टोलीले ट्याक्टर, स्काभेटर र चालकलाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा गोरखा जिल्लाको बारपाकका २० वर्षीय अमृत परियार र गपत ५२३३ नम्बरको ट्याक्टर, मालिका-६ दरबाङका कागबहादुर मगर गपत २८०७ नम्बरको ट्याक्टर चालक रहेको म्याग्दीका प्रहरी नायव उपरीक्षक वीरबहादुर बुढामगरले बताए।

यसैगरी मालिका-४, ओखरबोटका २० वर्षीय दलमान विक र धपत ३२४ नम्बरको ट्याक्टर तथा गपक २४६८ नम्बरको स्काभेटर र सहचालक राजु भण्डारी रहेको प्रहरी नायव उपरीक्षक बुढामगरले जानकारी दिए। पक्राउ परेका चालकमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

### बालबालिकाको प्रेरणादायी काम

## अमेरिकामा देउसी खेलेको रकम एउटै घरका तीन अपांगलाई

दुर्गाप्रसाद शर्मा, पर्वत

एउटै परिवारका ३ सन्तान जन्मेदेखि ओछ्यानमा छन्, सामान्य परिवारका ती अपांगको उपचार र खानपानका लागि समेत समस्या छ। सुतेरै जीवन बिताइरहेका ती अपांगको पीडा र समस्या युट्युबमा देखेपछि अमेरिकामा बस्दै आएका प्रवाशी बालबालिकाले तिहारमा देउसी खेलेर जम्मा गरेको रकम सहयोग गरेका छन्।

अमेरिकाको भर्जिनियामा बस्ने साना बालबालिकाले तिहारमा देउसी खेलेर र विद्यालयको खाजा खर्च कटाएर जम्मा गरेको रकम पर्वतको बिहादी गाउँपालिका वडा नं ३ रानीपानीका बलबहादुर परियारका ३ अपांग छोरीलाई आर्थिक सहयोग गरेका हुन्।

भर्जिनियमा बस्दै आएका



पर्वतको कुस्मा नगरपालिका-४ का माधव र सरिता उपाध्यायका छोराछोरी स्मृति र प्रतीक तथा उनका साथीले गएको तिहारमा देउसी खेलेको र खाजा खर्च कटाएर जम्मा गरेको ३१ हजार रुपियाँ आर्थिक सहयोग गरेका छन्। सहयोग रकम पर्वतका प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकाल र स्मृति र प्रतीककी हजुरआमा लुमाकुमारी उपाध्यायले अपांग बालिकाका बाबु बलबहादुर परियारलाई हस्तान्तरण गरे।

रानीपानीका अपांग बच्चाको अवस्था र उनीहरूको परिवारले स्याहारसुसारका लागि भोग्दै आएको समस्यामा सहयोगी बन्ने साना बालबालिकाको चाहना भएपछि आर्थिक सहयोग पठाएको उनीहरूका आफन्त भगवतीप्रसाद उपाध्यायले बताए। 'ओछ्यानमा सुतेका ३ जना अपांग र उनीहरूको समस्या देखेपछि देउसी खेलेको रकम सहयोग गर्ने चाहना राखेका थिए' -स्मृति र प्रतीकका ठूलो बुबा उपाध्यायले भने। अमेरिकामा बस्दै आएका भैरहवाका बासिन्दा पदमराज रेग्मीको प्रेरणा र स्मृति तथा प्रतीकका साथी रिवाज रेग्मी, प्रथा रेग्मी, सन्तोष क्षेत्री, विशेष ढुंगाना र अच्युत ढुंगानाले देउसी खेलेर रकम जम्मा गरेका थिए। सहयोग रकम हस्तान्तरण गर्दै प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालले आफू र कार्यालयबाट पनि सक्दो सहयोग गर्ने वचन दिए।

जन्मेदेखि नै ओच्छ्यानमा सुतेर मृत्यु पर्खिरहेका बलबहादुरका ४ अपांग छोरीमध्ये १ जनाको मृत्यु भएको छ। अहिले २३ वर्षीया मिठु परियार, १५ वर्षकी गंगा र १३ वर्षकी अनिताको पालनपोषण परिवारले गर्दै आएको छ। उता अर्की छोरी विद्यालय पढ्दैछिन्। कान्छो छोरो काखमा छ। जन्मेको ६ महिनासम्म स्वस्थ्य नै भए पनि त्यसपछि छोरीहरू पालैपालो थला परेको बाबु बलबहादुरले बताए। निरन्तर बिरामी पर्ने भएकाले परिवार झनै समस्यामा पर्ने गरेको छ।

उपचारका लागि बाबुआमाले ऋण गरेर विभिन्न ठाउँका अस्पतालसम्म पुर्याए पनि उपचार सम्भव छैन भनेर डाक्टरले नै फर्काएपछि उनी मृत्युपर्यन्त सुतेरै दिन काट्न बाध्य छन्।

**किरण कार्कीको नाममा ७ दिने सूचना**

**ललितपुर महानगरपालिका वडा नं १९ लगनखेलस्थित म ज्ञानेन्द्र श्रेष्ठको घरमा द लाईट जिन्स टेलर्स सञ्चालन गर्दै आउनु भएका बागमती अञ्चल, काठमाडौं जिल्ला, बागबजार वडा नं. ३१ बस्ने तपाई किरण कार्कीले मिति २०७४ साल जेष्ठ महिनादेखि हालसम्म पसल नखोली बहाल रकम समेत बक्यौता राखी सम्पर्कमा नआएकोले म घरधनी ज्ञानेन्द्र श्रेष्ठले मिति २०७५ साल जेष्ठ १५ गते १९ नं. वडा कार्यालयमा सटर खाली गराई पाउँ भनी निवेदन दिएकोमा निवेदन अनुसार महानगरीय प्रहरी प्रभाग, लगनखेल र ललितपुर महानगरपालिकाका प्रहरीको रोहवरमा १९ वडा कार्यालयले सटर पसल खोली मुचुल्का उठाएको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र हालसम्मको बहाल रकम बुझाई आफ्नो सामान लिन आउनु होला अन्यथा काम लाग्ने सामान विक्री गरी भाडा असुल उपर गरिने तथा अन्य विग्रिएको सामान फोहोर व्यवस्थापन गरिने व्यहोरा सूचित गरिन्छ, पछि तपाईको कुनै उजुर लाग्ने छैन।**